म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४५ बिहीबार १० साउन २०८१ ने. सं. ११४४ दिल्लागा 25 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## ढुंगाले लागेर एकजना मजदुरको मृत्यु

हेटौंडा, ९ साउन/मकवानपुरमा फास्ट्याकको सुरुङमार्ग भित्र काम गर्ने क्रममा ढुंगाले लागि एकजना मजदुरको मृत्यु भएको छ । बकैया गाउँपालिका वडा नम्बर-१२ चालिसे डाँडास्थित फास्ट्याकको सुरुङमार्ग भित्र काम गर्ने क्रममा ढुंगाले लागि एकजनाको मृत्यु भएको छ ।

सुरुङमार्गमा काम गरी बस्ने २८ वर्षीय बिमल थिङको घटनास्थलमा मृत्यु भएको प्रहरीले जनाएको छ । तनहुँ घरभई सुरुङमा काम गरी बस्ने २८ को राजु बिकको ढाड र कम्मरमा चोट लागेर घाइते भएका छन् । बिकको अवस्था गम्भिर रहेको उपचारको लागि हेटौंडास्थित चुरेहिल अस्पतालमा पठाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी निरीक्षक प्रकाश साहले बताएका छन् ।

# मुख्यमन्त्रीसहित १० मन्त्रीले लिए सपथ, कांग्रेसमा हानथाप

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशमा नवनियुक्त मुख्यमन्त्री सहित १० मन्त्रीले बुधबार पद तथा गोपनीयताको सपथ लिएका छन् ।

प्रदेशप्रमुख यादवचन्द्र शर्माले मुख्यमन्त्री बहादुरसिं लामा सहित नेकपा एमालेबाट नियुक्त भएका ६ जना र कांग्रेसका ३ जना गरी १० जनालाई सपथ गराएका हुन् । १३ सदस्यीय मन्त्रिपरिषद् रहेको बागमती प्रदेशमा अब ३ मन्त्री नियुक्त गर्न बाँकी छ । नेपाली कांग्रेस र नेकपा एमालेबीचको मन्त्रालय भागबण्डाअनुसार ३ जना नै कांग्रेसबाट मन्त्री बन्ने छन् । तर, कांग्रेसभित्र मन्त्री बन्न सांसदहरुबीच हानथाप हुँदा बुधवार मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेन ।

बुधवार कांग्रेसबाट कुन्दनराज काफ्ले, श्याम खड्का र मधुकुमार श्रेष्ठ बिनाविभागीय मन्त्री नियुक्त भएका हुन् । प्रदेशप्रमुख शर्माबाट सपथ लिएका उनीहरुको जिम्मेवारी पछि तोकिने भएको छ । एमालेबाट प्रकाश श्रेष्ठले कृषि तथा पशुपन्छी विकासमन्त्री, किरण थापामगरले स्वास्थ्य मन्त्री, कृष्ण सिलवालले वन तथा वातावरण मन्त्री, सुकमाया तामाङले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री, अमन मास्केले भौतिक पूर्वाधार विकास मन्त्री र प्रेमभक्त महर्जनले श्रम रोजगार तथा यातायात मन्त्रीको सपथ लिएका छन् ।

मुख्यमन्त्री लामाले बुधवार १३ सदस्यीय मन्त्रिपरिषद्लाई एकैपटक पूर्णता दिँदै सबै मन्त्रीको संयुक्त सपथ गराउने योजना बनाएका थिए । तर, नेपाली कांग्रेस भित्र मन्त्रीहरुको आकांक्षी धेरै रहेकाले लामाले मन्त्री व्यवस्थापन गर्न सकेनन् । लामाले कांग्रेस भित्रको आन्तरिक विवादका कारण मन्त्रि परिषद्लाई पूर्णता दिन नसकेका हुन् । उनले थप ३ मन्त्रीको नियुक्ति बारे केहीपनि बोलेनन् ।

प्रदेशसभामा कांग्रेसका ३७ र एमालेका २७ सांसद छन् । एमाले भन्दा १० सांसद बढी रहेकोले ७ वटा मन्त्रालय पाउनुपर्ने अडान राखेको कांग्रेसलाई एमालेले ६ वटा मन्त्रालय लिएर सहमति जनाएको थियो । कांग्रेसकै प्रस्तावमा एमालेले मन्त्रालय हेरफेरमा पनि मंगलबार सहमति गरेको हो ।

भागबण्डामा एमालेले लिएको आर्थिक मामिला तथा योजना मन्त्रालय र खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय कांग्रेसलाई कांग्रेसले



लिएको भौतिक पूर्वाधार विकास मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालय एमालेलाई दिएको थियो । ठूला मन्त्रालय कांग्रेसलाई दिएको भन्दै एमालेका नवनियुक्त मन्त्री र सांसदहरुले असन्तुष्टि जनाएका छन् । तर, माग गरेअनुसार ७ वटा मन्त्रालय र ठूला मन्त्रालय पाउँदा पनि कांग्रेस भित्र भने मन्त्री बन्न हानथाप भइरहेको छ ।

कांग्रेसमा मन्त्री बन्न हानथाप भएको पहिलोपटक भने होइन । यसअघि चैत २०७९ मा माओवादी केन्द्रका शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा सहभागी हुँदा पनि कांग्रेस भित्र विवाद थियो । दलका उपनेता रामकृष्ण चित्रकारलाई झण्डै तीन महिना विनाविभागीयमै थन्काएर पछि मन्त्रालय फुटाएर द्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री नियुक्त गरिएको थियो । मन्त्री छनोट र मन्त्रालय व्यवस्थापनमा नवनियुक्त मुख्यमन्त्री लामा कमजोर देखिएका छन् । उनको कमजोरीलाई लिएर मुख्यमन्त्री बन्ने बेलामा समेत कांग्रेस भित्र प्रश्न उठेको थियो ।

नेपाली कांग्रेसका लामा बागमती प्रदेशको पाँचौ मुख्यमन्त्रीका रुपमा मंगलबार नियुक्त भएका थिए । उनी कांग्रेसबाट मुख्यमन्त्री बन्ने पहिला नेता बने । लामा कांग्रेसबाट मात्र नभई देशभरमै तामाङ समुदायबाट मुख्यमन्त्री बन्ने पनि पहिलो भए । उनलाई प्रदेशप्रमुख शर्माले संविधानको धारा १६८ (२) अनुसार मंगलबार अपरान्ह ५ बजे मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् । लामाले मंगलबार दिउसो कांग्रेसका ३७ र नेकपा एमालेका २७ सांसदको समर्थन सहित मुख्यमन्त्रीमा दावी पेश गरेका थिए ।

निवर्तमान मुख्यमन्त्री जम्कट्टेलले ६ साउनमा प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा दिएपछि नयाँ सत्ता समिकरणअनुसार सरकार गठनको प्रक्रिया सुरु भएको थियो । २०७४ माघबाट हालसम्म बागमतीमा पाँच मुख्यमन्त्री भइसकेका छन् । २८ माघ २०७४ मा तत्कालीन नेकपाबाट एमालेका डोरमणि पौडेल, २ भदौ २०७८ मा एमालेबाटै अष्टलक्ष्मी शाक्य, एमाले विभाजन भएर बनेको नेकपा (एकीकृत समाजवादी)बाट ११ कार्तिक २०७८ मा राजेन्द्र पाण्डे मुख्यमन्त्री बने ।

२०७९ मंसिरमा भएको चुनावलगत्तै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एमालेसँग तालमेलमा नयाँ सरकार बनाएसँगै बागमतीमा माओवादीका शालिकराम जम्कट्टेल २५ पुस २०७९ मा मुख्यमन्त्री नियुक्त भएका थिए । उनले १८ महिना सरकार चलाएर अल्पमतमा परेपछि ६ साउनमा राजीनामा दिएका हुन् । ११० सदस्यीय प्रदेश सभामा कांग्रेसका ३७, एमालेका २७, माओवादी केन्द्रको २१, राप्रपाको १२ (सभामुख बाहेक), नेकपा (एकीकृत समाजवादी) को ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ सांसद छन् ।

# भौतिकमन्त्री मास्केको पहिलो निर्णय: रुग्ण आयोजनाको अध्ययन गरिने

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेशका नवनियुक्त भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्केले पदभार ग्रहण गरेका छन् । बुधवार मात्र मन्त्रीमा नियुक्त भएका मन्त्री मास्केले साँझ साढे ५ बजे साइत हेरेर पदभार ग्रहण गरेका छन् ।

पदभार पछि भएको छलफलमा बोल्दै भ्रष्टाचारमा शून्य सहनशीलता आफ्नो अभियान रहेको उनको भनाई थियो । उनले भने-'सेतो लुगा लगाएका छौं, त्यसमा दाग लगाउने काम नगरौ, अरुको कारण पनि बाछिटा आउन सक्छ त्यसबाट पनि वच्नपर्छ ।'

बजेट सहि तरिकाले कार्यान्वयन गर्न कर्मचारीको महत्वपूर्ण भूमिका हुने भन्दै ईमान्दार भएर लाग्न आग्रह गरे । प्रदेश निर्वाचन क्षेत्रमा सम्बन्धित सांसदलाई उत्तरदायित्व बहन गर्ने गरी कार्यक्रम बनाउनुपर्ने पनि उनको भनाई थियो ।

मन्त्रालयका गतिविधि सम्पादन गर्न निरन्तर छलफल गर्ने, कर्मचारीको वृत्तिविकासको लागि सहजीकरण गर्ने पनि उनले बताए । महत्वपूर्ण मन्त्रालय भएकोले अब्बल मन्त्रालयको रुपमा गणना



हुनेगरी काम गर्न कर्मचारीलाई आग्रह गरे ।

पदभारग्रहण गर्दै मन्त्री मास्केले बागमती प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत आयोजना निर्देशनालय तथा कार्यालयमार्फत संचालन भएका आयोजनाहरु तोकिएबमोजिम समयावधिमा सम्पन्न नभई अपेक्षित प्रतिफल प्राप्त गर्न ढिलाई भइरहेको सन्दर्भमा त्यस्ता आयोजनाको पहिचान गरी, कार्यान्वयनमा भएका ढिलासुस्तीको वास्तविक कारण पहिल्याई, यथोचित कारवाही अगाडि बढाई रुग्ण आयोजनाको पहिचान, रुग्ण हुनुको वास्तविक कारण तथा व्यवस्थापनका लागि सुझाव सहित १५ दिनभित्र प्रतिवेदन पेश गर्ने निर्णय गरेका छन् ।

यसका लागि यातायात पूर्वाधार निर्देशनालयका कायम मुकायम निर्देशक पुष्करप्रसाद पोखरेलको सयोजकत्वमा महाशाखा प्रमुखहरु चन्द्रकाजी गुरुङ, चन्द्रदेव भट्ट सदस्य रहेको समितिलाई जिम्मेवार बनाइएको छ ।


## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

## के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


## ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७० % बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७



साझाकुरा

## हाम्रो कुरा

# नगरबासीको आँखाजाँच

हेटौंडामा केही राम्रा अभ्यासहरु भएका छन् । यस्ता अभ्यासले दीर्घकालसम्म नगरबासीमा राम्रो प्रभाव पनि परिरहेको हुन्छ । दीर्घरोगका कारण आँखाको पर्दामा समस्या आउँनसक्ने भन्दै हेटौंडा उपमहानगरपालिकाले नगरका १९ वटै वडामा आँखाको पर्दा जाँच अभियान सुरु गरेको छ । नगर बासीको आँखा जाच्ने अभियान सकारात्मक मानिन्छ । अझै ५० वर्ष पार गरेका नागरिकलाई प्राथमिकतामा राख्नु भनेको पाका पुस्ताको सम्मान पनि हो । हेटौंडा समुदायिक आँखा अस्पतालको प्राबिधिक सहयोग तथा टोलविकास संस्था नगरसमन्वय समितिको व्यवस्थापनमा नगरका सम्पूर्ण वडामा रहेका मधुमेहका बिरामी तथा ५० वर्ष उमेर समूहका नगरवासीको आँखाको पर्दा जाँच कार्यक्रम सुरु गरेको हो । मधुमेह तथा उमेरहदका कारण आँखामा समस्या आउँन सक्ने भन्दै मंगलबार हेटौंडा-१९ सान्नानीटारबाट थालिएको आँखाजाँच कार्यक्रमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । शिबिर १९ नम्बर वडाको तीन स्थानमा सञ्चालन हुनेछ । दैनिक रुपमा नगरमा बढ्दै गएका दीर्घरोगी लक्षित गरी आँखाजाँच कार्यक्रम अघि बढाएको बताइएको छ ।

नगरमा १९ वटै वडाका बिभिन्न ठाउँमा पुगरे आँखाको अवस्थाबारे जानकारी लिने र उपचारमा सहयोग गर्ने नीति उपमहानगरले लिएको छ । आँखा शिबिरले पाका पुस्ताका नागरिकलाई सहयोग पुर्‍याएको छ । उमेर, दीर्घरोग आदि कारण घरबाट हिड्डुलका लागि असहज भएकालाई अस्पतालसम्म जानुपर्ने समस्या हटाउँनका लागि वडातहसम्म शिबिरको कार्यक्रम लगिएको बताइएको छ । वडामा पुग्ने शिविरबाट नगरवासीको आँखाको अवस्था पहिचान हुने र उपचारको लागि मद्दत पुर्‍याउने उद्देश्य रहेको भन्दै उपचारमा समस्या हुनेलाई उपमहानगरले सहयोग गर्ने बताइएको छ । वडामा सञ्चालन हुने शिविरका लागि उपमहानगरले अस्पताललाई आँखाजाँचको मेसिन सहयोग गरेको छ । कार्यक्रममा समुदायिक आँखा अस्पतालका प्रमुख डाक्टर सुनिल थकालीले शिबिरमार्फत आँखामा सुगर, प्रेसरसहित अन्य समस्याका बारेमा जानकारी गराइने बताएका छन् । अस्पतालमा आउँने बिरामीको तथ्यांकको आधारमा हेटौंडामा दीर्घरोगका कारण आँखामा समस्या भएको बिरामीको संख्या धेरै रहेकाले उपमहानगरसँगको सहकार्यमा शिबिर सञ्चालन गरिएको बताइएको छ । आँखापरीक्षण नभएका कारण पर्दामा समस्या आएर उपचारका लागि खर्च बढी लाग्ने भएकोले यसप्रकारका समस्याबाट जोगाउन र समयमै उपचारमा लाग्न सहयोग पुर्‍याउन शिबिर सञ्चालन गरेका जानकारी दिइएको छ । पहिलो दिनको शिविरमा ९० जनाको आँखाको पर्दा परीक्षण गरिएको थियो ।

शिविरमा आएकामध्ये मधुमेह (सुगर) का कारण २० जना बिरामीको आँखामा समस्या देखिएको सामुदायिक आँखा अस्पतालले जानकारी दिएको छ । हेटौंडा-१९ स्थित तपोवन टोल विकास संस्थामा मधुमेहका बिरामी तथा ५० वर्ष भन्दा बढी उमेर भएका व्यक्तिको आँखाको पर्दा जाँच गरिएको हो । नेपालमा पछिल्लो समय मधुमेह र उच्चरक्तचापका बिरामी बढ्दै गएसँगै त्यसले आँखामा असर पार्ने हुँदा आँखापरीक्षण सिविरको आयोजना गरिएको हो । मधुमेह र उच्चरक्तचापले मानव शरिरको विभिन्न अङ्गमा असर गर्ने र सबैभन्दा पहिले आँखाको दृष्टिपर्दा अर्थात रेटिनामा असर गर्ने भएकोले सचेत गराउनु पनि कार्यक्रमको उद्देश्य रहेको बताइएको छ । ५० वर्ष भन्दा माथि उमेर समूहका व्यक्तिमा आँखासम्बन्धी समस्या धेरै आउने गरेको पाइन्छ । अधिकांश व्यक्तिहरु परीक्षण गर्न नजाने कारणले यो कार्यक्रम निकै प्रभावकारी हुने अनुमान गरिएको छ । यो कार्यक्रमलाई अभियानको रुपमा नगरका सबै वडामा सञ्चालन गरिने आयोजकले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन ११ गते शुक्रबार २६ जुलाई २०२४ । पञ्चमी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२५, सूर्यास्त ६:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : स्वास्थ्य बिग्रन सक्ने | **तुला** | : निर्माण कार्यमा प्रगति |
| **वृष** | : रमाइलोगरि समय बित्ने | **वृश्चिक** | : सामाजिक काममा सफलता |
| **मिथुन** | : राजनीतिमा प्रगति हुने | **धनु** | : सन्तानबाट खुशी मिल्ने |
| **कर्कट** | : शारीरिक परिश्रम गर्नुपर्ने | **मकर** | : व्यापारमा केही हानि हुने |
| **सिंह** | : पढाइमा प्रगति हुने | **कुम्भ** | : शत्रु पराजित हुने |
| **कन्या** | : विश्वासमा संकट आउने | **मीन** | : मानसम्मान बढ्ने |

# प्रधानमन्त्रीको निर्देशन र सचिवहरुको प्रवृत्ति



✍ सागर पण्डित

प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारका सचिवहरुसँग शुभकामना ग्रहण गर्ने कार्यक्रममा निकै महत्वपूर्ण विषयहरु उठान गर्नुभएको छ । गत हप्ता प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा आयोजना गरिएको शुभकामना ग्रहण तथा सचिवहरुलाई निर्देशन दिने कार्यक्रममा प्रधानमन्त्री ओलीले सचिवहरुलाई फुर्काउनु मात्रै भएन, जोस्याउँदै सचेतसमेत पार्नुभएको छ । चारपटक मुलुकको प्रधानमन्त्री भइसक्नुभएका ओलीलाई स्थायी सरकारको रुपमा रहेको कर्मचारी संयन्त्रको जरा-जरा थाहा छ ।

उहाँलाई हाम्रो कर्मचारी संयन्त्रको क्षमता र कार्यकुशलतासमेत थाहा नहुने कुरै भएन । त्यसैले उहाँले कर्मचारी संयन्त्र जिम्मेवार पूर्वक परिणाम दिने गरी काममा खट्नुपर्ने आवश्यकता औंल्याउनुभएको छ । प्रधानमन्त्रीले मन्त्रालयमा बसेर सरकारलाई प्रभावकारीरुपमा सञ्चालन गर्दै जनतासमक्ष विकास, सुशासन, सेवा-सुविधा पुर्‍याउने मुख्य काम र दायित्व सरकारका सचिवहरुको र उनीहरु मातहत रहेको सरकारी निकायको समेत भएको स्पष्ट पार्नुभएको थियो ।

प्रधानमन्त्रीले सबैभन्दा फोकस गर्नुभएको विषय इमानदारिता र सुशासन नै थियो । हुन पनि हाम्रा शासक, प्रशासकहरुले अहिलेसम्म जे-जति आलोचना खेप्नुपरेको छ त्यसको प्रमुख कारण भनेकै उनीहरुको कुशासन र बेइमानी प्रवृत्ति हो । त्यसैले प्रधानमन्त्री ओलीले निजामती सेवामा इमान नमरोस् भनेर निकै कडाइका साथ सचिवहरुलाई नैतिकवान् बन्न आग्रह गर्नुभयो । निजामती तहको नेतृत्वदायी भूमिकामा रहनेहरुमध्ये थोरै मात्रै इमानदारहरु रहेको विश्लेषण गर्ने गरिन्छ । अधिकांश प्रशासकहरु क्षमतावान् भए पनि उनीहरुमा व्याप्त स्वार्थी र लोभी प्रवृत्तिले गर्दा उनीहरुले प्रभावकारी काम गर्न नसकेको पाइन्छ । मुलुकको विकास, सुशासन र समृद्धिका लागि स्थायी सरकारको रुपमा रहेको कर्मचारीतन्त्रको भूमिका ठूलो छ । सरकारमा रहने राजनीतिक नेतृत्वलाई सफल वा असफल के बनाउने भन्ने मुख्य हात कर्मचारीतन्त्रकै हुन्छ । सचिवहरु कर्मचारी संयन्त्रका मुख्य व्यक्तित्व तथा हाकिमहरु हुन् ।

त्यसैले सचिवहरु असल भए भने मातहतका निकायमा रहने सबै पक्ष असल नियतका साथ अघि बढ्न बाध्य हुन्छन् तर सचिवहरु बदमास, भ्रष्टाचारमा लिप्त छन् भने मातहतका निकाय तथा कर्मचारीहरु पनि त्यसरी नै सञ्चालन हुने गर्छन् । किनकि नेतृत्वमा रहने भ्रष्ट प्रशासकहरुले आफ्नो टिममा पनि त्यस्तै भ्रष्टहरुलाई ल्याउने गर्छन् । यद्यपि यसमा मन्त्रालयको मन्त्रीको पनि विशेष भूमिका रहने गर्छ । मन्त्री महाभ्रष्ट छ भने उसले त्यस्तै भ्रष्ट सचिव तथा सहसचिवहरु खोज्ने गर्छ । यो प्रवृत्ति सबैभन्दा बढी घातक छ । प्रधानमन्त्रीले अर्को विषय पनि जर्बजस्तरुपमा उठाउनुभएको छ, त्यो हो, सरकारी सेवामा बेइमानहरु सम्मानित हुने अवस्था नआओस् । तर विडम्बना हाम्रो कर्मचारी संयन्त्रमा बदमास र बेइमानीहरु नै सम्मानित र पुरस्कृत हुने प्रवृत्ति पनि केही हदसम्म रहेको छ । त्यसैले प्रधानमन्त्री ओलीले त्यस्ता बेइमानहरु सम्मानित हुन नपाऊन् भनेर कर्मचारीतन्त्रलाई सचेत पार्नुभएको छ ।

हामीकहाँ कानुनी शासन निकै कमजोर छ । सानालाई ऐन ठूलाललाई चैन भन्ने भनाइ अहिले पनि यथार्थजस्तै छ । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको पहिलो सर्त नै बलियो कानुनी राज्य हो । तर के हामीकहाँ त्यस्तो छ त ? पक्कै पनि नभएकाले हुनुपर्छ प्रधानमन्त्रीले सचिवहरुसँग कानुनी शासनको उल्लंघन हुने अवस्था नआओस् भन्नुपरेको । यद्यपि यो विषय कर्मचारीतन्त्रभन्दा राजनीतिक नेतृत्वसँग बढी जोडिने गर्छ । विगतदेखि नै हाम्रो राजनीतिक नेतृत्व विधि, पद्धति र नियमअनुसार हिँड्न नसक्दा हामीकहाँ कानुनी शासन कमजोर बन्न पुगेको हो । त्यसैले यसमा सबैभन्दा पहिला राजनीतिक नेतृत्व आफैँ बदलिनुपर्छ । आफू बदलिएपछि मात्रै कर्मचारीतन्त्र पनि बदलिन सक्छ भन्ने वास्तविकतालाई राजनीतिक नेतृत्वले गम्भीरताका साथ आत्मसमीक्षा गर्नुपर्छ । यसो भनिरहँदा राजनीतिक नेतृत्वले कानुनी शासनमा ध्यान नदिने भएकाले हामीले पनि दिनुपर्दैन भन्ने सोचचाहिँ सबै कर्मचारीले त्यागै पर्छ । किनकि स्थायी सरकारमा रहनेहरुले राजनीतिक नेतृत्वलाई तिमीहरु फटाहा भयौ, त्यसैले हामी पनि फटाहा हुन पाउनुपर्छ भन्ने विवेकहीन अवधारणा र अभ्यास किमार्थ पनि अघि सार्नुहुँदैन । किनकि राजनीतिक नेतृत्व अस्थायी हो भने कर्मचारी संयन्त्र स्थायी हुन्छ । स्थायी संयन्त्र भएकाले व्यवस्थित प्रणाली बनाउनु कर्मचारी संयन्त्रकै प्रमुख जिम्मेवारी हो भन्दा अत्युक्ति हुँदैन ।

प्रधानमन्त्रीले सचिवहरुलाई आफ्नो नाम अजर, अमर राख्ने गरी काम गर्न निर्देशन दिनुको ठूलो अर्थ छ । वास्तवमा अहिले निजामती क्षेत्रमा ८० हजार बढी कर्मचारी कार्यर त छन् , । त्यस्तै अहिलेसम्म ६० हजार बढी कर्मचारी सेवानिवृत्त भएर गइसकेका छन् । यी दुवै गरी १ लाख ४० हजार कर्मचारीमध्ये ओहो उनले त निकै राम्रो काम गरे, धेरै सुधार गरे, सुशासनमा अग्रगामी छलाङ मारे भनेर सम्झनलायक कर्मचारीहरु कति होलान् ? यो छुट्टै बहस र विश्लेषणको पाटो हुन सक्ला । तर देश र जनताको पक्षमा राम्रो काम गरी आफूहरुलाई वर्षौंसम्म चिनाउने कर्मचारीहरु त निकै नगन्य नै रहेका छन् ।

सरकारका अधिकांश सचिवलाई सधैँ मिटिङ मात्रै गर्ने तर उपलब्धिमूलक काम गर्न नसक्ने आरोप लाग्दै आइरहेको छ । ओहो, निकै गजब काम गरे भन्ने सचिव वा कर्मचारीहरु पाउनै मुस्किल छ । सो तथ्यलाई राम्ररी बुझ्नुभएका प्रधानमन्त्री ओलीले सचिवहरुलाई मुलुकमा समृद्धि कायम हुने गरी र जनतामा छाप छोड्ने अनि आफ्नो सुकृति फैलने .गरी काममा खट्न आग्रह गर्नुभएको थियो । त्यसै क्रममा प्रधानमन्त्रीले सचिवहरुलाई काममा नयाँ कीर्तिमान बनाउनसमेत आग्रह गर्नुभयो । अर्को कुरा, सचिवहरुलाई प्रधानमन्त्रीले उच्च मनोबल लिएर काममा खट्न पनि निर्देशन दिनुभयो ।

यसको अर्थ ऐन, नियम, कानुनअनुसारका काम गर्दा कसैले केही गर्न नसक्ने भएकाले सोहीअनुसार अघि बढ्नुपर्नेमा प्रधानमन्त्रीको जोड थियो । हाम्रा सचिव तथा कर्मचारीको सबैभन्दा ठूलो समस्या भनेकै कागजी निर्णय अत्यधिक गर्न सफल हुनु तर त्यसलाई व्यवहारमा उतार्न नसक्नु नै हो । सरकारका सबै सचिवलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत पटक-पटक बोलाएर सुशासन कायम हुने गरी काम गर्न, विकास योजना र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न, आर्थिक मितव्ययिता अपनाउन, बिचौलिया र माफियाको प्रभावमा नपरी काम गर्न निर्देशन दिँदै आएको छ तर सचिवहरु सो निर्देशन लिएर आफू मातहतको मन्त्रालय तथा निकायमा आउनासाथ अख्तियारको त्यस्तो निर्देशनलाई बिर्सने गरेका छन् । अहिले पनि प्रधानमन्त्रीले मन्त्रिपरिषद् कार्यालयमा बोलाएर दिएका ती निर्देशनहरु उनीहरु मन्त्रालयमा पुग्दा नपुग्दै बिर्सने त होइनन् भन्ने प्रश्नसमेत उठिरहेको छ । निर्देशन दिँदा मात्रै सुन्ने, त्यसपछि पूरै बिर्सने रोगले सचिवहरु ग्रस्त बन्ने गरेको आरोप उनीहरुमाथि लाग्ने गरेको छ ।

निजामती सेवामा काम गर्ने इमानदार व्यक्तिहरु सधैँ चेपुवामा पर्ने, बेइमानहरु सम्मानित र पुरस्कृत हुने, कानुन उल्लंघन हुने र आफ्नो स्वार्थका लागि जेसुकै गलत कर्मसमेत गर्न तयार रहने प्रवृत्ति संक्रामक रोगजस्तै फैलँदै आएको छ । यस्तो निजामती सेवामा संक्रामक रोग फैलाउनुको मुख्य दोष सचिवहरुमाथि नै लाग्दै आइरहेको छ । प्रधानमन्त्री ओलीले सरकारका सचिवहरुसँग त्यस प्रकारका संक्रामक रोगको समयमै निदान हुनुपर्ने कुरा पनि घुमाउरो पाराले गर्नुभएको थियो ।

प्रधानमन्त्री ओलीले आफ्नो पालामा काम गर्नेहरुको इमानलाई मर्न नदिने, बेइमानीहरुलाई कुनै हालतमा सम्मानित नगर्ने, कानुन उल्लंघन हुन नदिने प्रतिबद्धता जनाउँदै सचिवहरुले पनि सोहीअनुसार कार्यसञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याउनुलाई सकारात्मक रुपमा हेरिएको छ । यसले आम कर्मचारीमा आशा पलाएको छ । कर्मचारीहरु उच्च मनोबल लिएर फिल्डमा जान सक्ने अवस्था आयो भने त्यसले कर्मचारीतन्त्रलाई व्यवस्थित प्रणालीमा हिँडाउन मद्दत पुर्‍याउँछ ।

प्रधानमन्त्रीले सचिवहरुसँग महिनैपिच्छेको प्रगति योजना माग्नुभएको छ । यसमा प्रधानमन्त्रीले आफ्नो निजी सचिवालयका कर्मचारीहरु परिचालन गरी हरेक मन्त्रालयका मासिक प्रगति विवरणको अध्ययन र विश्लेषण गर्न जरुरी छ । विशेष गरी विकासे र सेवाप्रवाह बढी हुने मन्त्रालय र मातहतका निकायमाथि प्रधानमन्त्रीको टिमले विशेष अनुगमन गर्नुपर्छ । सरकारको नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गरी विकास योजना र सेवाप्रवाहलाई प्रभावकारी बनाउने प्रमुख काम निजामती प्रशासनअन्तर्गत रहेको कर्मचारीयन्त्रको हो । सचिवहरु यसका मुख्य हाकिम र हर्ताकर्ता हुन् ।

सचिवहरुको भूमिका प्रभावकारी हुन नसक्दा सरकारको नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन हुन नसकेको आरोप लाग्दै आइरहेको छ । प्रधानमन्त्रीले यो विषयलाई पनि गम्भीरतापूर्वक उठान गर्नुभएको छ । उहाँले पूँजी र बजेटको अत्यधिक उपयोग गर्दै पूँजीगत खर्च न्यून हुने परिपाटी अन्त्य हुनुपर्ने आवश्यकता औंल्याउनुभएको थियो । यी सबै विषय हाम्रा सचिवज्यूहरुलाई थाहा नभएको भने पक्कै होइन तर उहाँहरुले यस्ता विषयलाई गम्भीरतापूर्वक नलिने र समस्या समाधानका लागि संवेदनशील नहुने रोग पुरानै छ । अब प्रधानमन्त्रीले भनेजस्तै आगामी दिनमा पूँजीगत खर्चको सही सदुपयोग गर्दै सो खर्च वृद्धि गराउने गरी अभियान सञ्चालन गर्न जरुरी छ ।

प्रधानमन्त्रीले भनेजस्तै अब हाम्रा सबै सचिव र कर्मचारीले राष्ट्रलाई गति दिने, भ्रष्टाचार नियन्त्रण गर्ने, नीति कार्यक्रम कार्यान्वयन गर्ने विषयमा विशेष अग्रसरता लिनै पर्छ । प्रधानमन्त्रीले भनेजस्तै एक मिनेट पनि समय खेर फाल्ने अवस्था छैन । सचिव तथा आम कर्मचारीमाथि कामचोर प्रवृत्ति अत्यधिक रहेको र यथास्थितिवादमा रमाउने गरेको आरोप लागिरहेको अवस्थामा प्रधानमन्त्री ओलीले सचिवहरुलाई असाधारण किसिमले काम गरेर परिणाम निकाल्न निर्देशन दिनुभएको छ । प्रधानमन्त्रीको स्प्रीटअनुसार सचिवलगायत सबै कर्मचारीले समय सदुपयोगको सिद्धान्तअनुसार काम गर्नुपर्ने आवश्यकता छ । आमनागरि महँगो स्वास्थ्य र शिक्षाका कारण आक्रान्त छन् । मुलुकमा बेरोजगारीको समस्या अत्यधिक छ, राजनीतिक नेतृत्व र कर्मचारीतन्त्र रोजगारी सिर्जना गर्न वर्षौंदेखि उदासीन रहँदै आएकाले युवाहरु विदेश पलायन हुन बाध्य भइरहेका तथ्यहरुसमेत उजागर भइरहेका छन् ।

यस्तो अवस्थालाई विश्लेषण गर्दै प्रधानमन्त्री ओलीले अब राजनीति र प्रशासन दुवै मिलेर उद्यमशीलतामा जोड दिनुपर्ने तथा उत्पादन र उत्पादकत्व वृद्धिमा विशेष ध्यान दिनुपर्ने आवश्यकतासमेत औंल्याउनुभएको थियो । प्रधानमन्त्रीले भनेजस्तै कान्ला-कान्लामा कपास फल्ने मुलुकमा खाद्यन्न आयात गर्नुपर्ने दुःखदायी अवस्थाको अन्त्य गर्न पनि अब सबै मन्त्रालयले समन्वयात्मक किसिमले काम गर्नुपर्छ । प्रधानमन्त्रीले निर्देशन दिएपछिका दिनहरुमा सचिव, मन्त्रालय र मातहतका कर्मचारीको कामको विश्लेषण गर्ने हो भने उनीहरु अहिले पनि यथास्थितिमै छन् । परम्परागत शैलीमा नै उनीहरुको दिनचर्या बितिरहेको छ ।जबकि प्रधानमन्त्रीले मिनेट-मिनेटको पनि महत्व भएकाले सोहीअनुसार रेकर्ड ब्रेक गर्ने गरी काम गर्न सबै सचिवलाई निर्देशन दिनुभएको थियो । अब प्रधानमन्त्रीले दिएको निर्देशनको पालना सचिवहरुबाट हुन्छ कि हुँदैन भन्ने बारेमा प्रधानमन्त्रीको सचिवालयले आन्तरिक अनुगमन गर्न जरुरी देखिन्छ । पालना नगर्नेहरुमाथि कुनै न कुनै एक्सन लिने नीति प्रधानमन्त्रीले अख्तियार गर्नुपर्छ ।

*(साभार: नेपाल समाचार-पत्र)*

# युवालाई विदेशिन बाध्य बनाएपछि रोएर बस्नुको विकल्प छैन

✍ प्रा.डा. युवराज लुइँटेल

पछिल्लो समय बढ्दै गएको निराशाको उत्तर थाहा पाउन हामीले पहिलो कारणका रूपमा समाजको उत्पादन प्रणाली बुझ्नु पर्छ । समाजले के उत्पादन गर्छ, के गर्दैन ? त्यो रोजगारी उपलब्ध छ वा छैन भन्नेमा जोडिन्छ । अवसरहरू के छन्, के छैनन् भन्ने कुरासँग सम्बन्धित र हन्छ । त्यसलाई सरल भाषामा भन्दा नेपाली समाजमा बितेको ३०/४० वर्षदेखि नै रोजगारीका अवसर छैनन् । मानिसहरू जीवन प्रणाली परम्परागत खेतीबाटै चलाइरहेका छन् । तर हामी कोही पनि खेती गर्न रुचाउँदैनौं ।

जमिनबाट, जंगलबाट, उत्पादन प्रणालीबाट र माटोबाट टाढा हुने प्रवृत्ति हामीमा विकास भएको छ । त्यसको विकल्पमा राज्यले रोजगारी उपलब्ध गराउन सकेको छैन । परम्परागत पेशामा हाम्रो रुचि छैन, त्यसबाट टाढा जन हामीलाई मन छ । तर, समाजले, बजारले, उत्पादन प्रणालीले र अर्थतन्त्रले हामीलाई त्यस खालको रोजगारी उपलब्ध गराउन सक्दैन ।

जति युवाहरू रोजगारीको उमेरमा प्रवेश गर्छन्, त्यसको दशांश पनि रोजगारी उपलब्ध छैन । त्यस कारण उनीहरूको सिंगो उत्पादनशील उमेर फजुल व्यतीत भइरहेको छ, धेरै युवा बेरोजगारीबाट ग्रस्त छन् । त्यो भौतिक धरातलीय यथार्थले उनीहरूलाई खास खालको मानसिक अवस्थामा पुर्‍याउँछ । अहिले पनि रोजगारी छैन, भोलि पनि हुने सम्भावना छैन ।

त्यसपछि छोराछोरीको पुस्तामा पनि रोजगारी उपलब्ध हुने सम्भावना छैन । यसले वितृष्णा बढाउँछ, मानिस सुखको खोजीतिर जान्छ । विकल्पमा जाँदा नेपालीहरू कुनै समय गाउँबाट सहर बसाइँ सरे । कुनै समय पहाडबाट मधेस झरे । त्यसले पनि अवसर नदिँदा अहिले भौंतारिएर विदेश हिँडेका छन् । यसैकारण वितृष्णा र निराशा बढिरहेको छ ।

यो सबै एक कोणबाट विश्वव्यापीकरण वा उदारवादको प्रभाव हो । हामीले खेती गरिराख्ने हाम्रो परम्परागत जीवनशैलीलाई विश्वव्यापीकरणले त्यति हस्तक्षेप पनि गर्दैन ।

त्यो हामीले धान्न सक्नुपर्थ्यो । तर विश्वव्यापीकरणले हामीलाई सहरी झिलिमिली, जागिरमुखी र सुखी जिन्दगीतिर तान्यो । हामीले दैनिक भनिरहेको विकसित देशको जीवनशैली कस्तो हुन्छ भन्ने हाम्रै मोबाइलमा ल्याएर देखाइदियो । त्यसले नै विदेशप्रतिको लालसा बढाइदियो । तर, त्यसले खेतीपाती गर्नै हुँदैन भन्ने तहसम्मको हस्तक्षेप त गरेका छैन । हामीले हाम्रो उत्पादनलाई बचाइरहन सकेनौं ।

परम्परागत रूपमा हाम्रा उत्पादनका केही कुराहरूमा हामीले दक्षता हासिल गरेकै हो नि जस्तो : कि ढाकाका कपडा, खाडीका कपडा, करुवा निर्माण, उखुबाट सख्खर बनाउने कुरामा हामी चर्चित थियौँ । धान-चामल भारतमा निर्यात गर्थ्यौँ । आजभन्दा ३० वर्ष ४० वर्षअगाडि मधेसका बजारहरूमा अन्नको भण्डार हुन्थ्यो र त्यहाँ हरेक बुधबार र शनिबार बिक्री हुन्थ्यो ।

सबैबाट विमुख भएर हामी सबै कुरा आयात गर्ने र किन्ने मात्रै भयौँ । यसले बजारमा दिने केही भएन । त्यही कायम रहेको भए समाज उन्नति र प्रगतितिर जान्थ्यो । बजारमा पैसा मात्रै दिने, उत्पादन नदिने, सबै बजारमा भर पर्ने भयो । बजार पनि आयातित मात्रै भयो । त्यसले गर्दा सम्भावित बचत पनि बाहिर गयो । आशा पनि बाहिर गयो । कुकरको सिट्ठीबाट बाफ निस्किए जस्तो हाम्रो आशा-भरोसा सम्भावना बजारमार्फत बाहिर गयो ।

यो समाजलाई एक त हामी आफैँले बिगार्‍यौँ । त्यसपछि सरकारले पनि अवसर जुटाइदिनु पर्ने थियो, त्यो भएन । उद्यमी व्यवसायीले यहीं रोजगारी सिर्जना गराइदिनु पर्ने थियो ।यहाँ पुँजी पनि उत्पादन भइरहेको छ तर त्यो पुँजी यहीं सञ्चालन र लगानी गर्ने वातावरण सरकारले बनाइदिएको भए राम्रो हुन्थ्यो ।

हामी बाहिरका कोकोकोला र पेप्सी पिउँछौं, त्यस खर्च भएजस्तै हाम्रो पैसा बाहिर उडेर गयो । मही-दहीले बजार पाएन भनेर खोलामा फाल्छौं । हामी कम्प्युटर किन्छौं, त्यो पैसा बाहिर जान्छ । केएफसी खान्छौं, त्यो ब्राजिलमा पुग्छ । हाम्रो हरेक घुट्कीमा, चुस्कीमा लवाइ, खवाइमा पैसा बाहिर पठाउने काम मात्रै गरिराखेका छौं । त्यसको मूल कारण कृषिमा जोडिन्छ । यो सबै गरे पनि कृषिमा उत्पादन गरिरहेको भए राम्रै हुन्थ्यो । यसमा दोष पहिलो आफू, दोस्रो बजार, व्यवसायी र निजी क्षेत्र तथा अन्तिम दोष सरकारलाई जान्छ ।

युवा पलायन अहिले कहाली लाग्दो छ । यही हिसाबले जाँदा पछाडिको समय झनै कहाली लाग्दो हुन्छ । हामीले धेरै कुरा निर्यात गर्न सक्थ्यौं, तर केही पनि निर्यात गर्न सकेनौं, सकेको त्यही युवा श्रम निर्यात हो ।

अहिले त धेरै युवालाई बाहिर पठाउन सक्नु नै मन्त्रीको सफलता भएको छ । अनि उत्पादन गर्न सक्ने आर्थिक रूपमा सक्रिय जनसंख्यालाई बढीभन्दा बढी बाहिर पठाइसकेपछि राई माहिलाले गाउँ छोड्यो रे, भनेर गीत गाउँदै रोएर बस्नुको विकल्प छैन ।

यही मानव स्रोत निर्यात पनि एक ठाउँमा पुगेपछि वा विश्व बजारमा संकट देखिए युवाहरू फर्केर आउँछन् । कोभिड कालमा त्यस्तै भएको थियो । हामीले फेरि अर्को संकट सामना गर्नु पर्छ । त्यसबेला हामीसँग रहने भनेको अलिअलि पर्यटनको सम्भावना र थोरै जलस्रोतको हो । तर ती सम्भावनालाई यति लामो समयसम्म उपयोग गर्न नसकेपछि अब गरिहाल्छौं भन्ने परिकल्पना पनि हावादारी हो ।

विकासका पूर्वाधार कत्तिको विकास गरिराखेका छौं भन्ने कुरा गर्दा बर्खा लाग्दै मेलम्ची बन्द भएको देखेकै छौं । यत्रो वर्षदेखि अर्बौं लगानीको आयोजना बाढीबाट प्रभावित हुन सक्छ भन्ने कुराको परिकल्पना गरिएन । योजनाकार, इन्जिनियर र विशेषज्ञहरूले त्यसको विश्लेषण गर्न सक्नु भएको रहेनछ । त्यस कारण आश गर्ने ठाउँमा भनेको नेपालको प्राकृतिक श्रोत नै हो ।

त्यही श्रोत पनि सही सदुपयोगका लागि अब नाति पुस्ताले भिजन ल्याएर आउनु पर्‍यो । हजुरबुबाहरूले अवसर पाइएन भनेर बस्नुभन्दा भिजन ल्याउन सकिन्थ्यो नि ।

हामी आयौं भने यसो गर्छ भनेर देशलाई आशा र सम्भावना देखाउने बजेट विनियोजित गर्न उत्प्रेरणा दिनु पर्थ्यो । छोरा-नाति पुस्ता पनि गफै बेचेर खाने त भए नि ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टीमा युवा पुस्ता छ, त्यसको पनि नयाँ सोच अवधारणा पनि छ । तर नेतृत्व भने सत्तामै लिप्त भएर खान पाइन्छ भन्नेमा देखियो । उनीहरूमा म मात्रै विकल्प भन्ने भावना देखियो ।

संघीयताका केही पाटाहरू छन् । एउटा त अवसर र पहुँच हो । त्यो सकेको तहसम्म जनताको घरदैलोमा पुर्‍याउने हो । स्थानीय सरकारका नाममा पालिकाहरूको उपस्थितिले केही हदसम्म पुगेको छ । त्यहाँ धेरै निराश हुनुपर्ने अवस्था छैन । पञ्चायतहरूभन्दा पालिका धेरै बलिया र शक्तिशाली भएर जनताको काम गर्ने भएका छन् । पहुँच रूपान्तरण तल्लो तहको सरकारसम्म भइरहेको छ । त्यो बढाउन त केही आवश्यक छ ।

संघीय र प्रादेशिक सरकारमा समस्या देखिएको छ । स्थानीय तहमा जुन दलको मेयर-उपमेयर र वडा सदस्य आए पनि तत्काल जनतासँग काम गर्नुपर्ने हुनाले उनीहरू बरालिने स्थिति रहँदैन । कसैले भ्रष्टाचार गर्‍यो भने भोलि या पर्सि सबैको माझमा आउँछ । उनीहरूले कान समातेर माफी माग्नुपर्ने स्थिति हुन्छ । संघीय सरकारमा रूपान्तरण आउन नै सकेन ।

संघीय सरकार पहिलेको ढाँचा र शैलीमै चल्न चाहे । आफ्नो अधिकार र स्रोत विनियोजनतिर कुनै सरकारले चासो देखाएनन् । यो तहमा स्रोत र शक्तिको विनियोजन केन्द्रबाट प्रदेशमा र प्रदेशबाट स्थानीय तहमा हुने भन्दा बढी हुँदैन । यो संघीयताले जे दिन्छ भन्ने हामीले राखेका अपेक्षाअनुसार त राम्रो भएको छ, तर जुन तहमा यसले आशा जगाउन सक्थ्यो त्यो अनुसार जगाउन सकेन । यसको सीमा भनेको जनताले हरेक दललाई अवसर दिन्छन् । संघीय सरकारमा जाने सबैबाट गफ मात्रै हुन्छ । केही हुँदैन । त्यसैले सरकार ६ महिना पनि टिक्दैन । राजनीतिक अस्थिरताले निराशातिर लगेको छ हामीलाई ।

*(साभार: खबरहब)*

## जहाज दुर्घटनामा १८ जनाको मृत्यु

# सौर्य र नियामकको गम्भीर लापरबाहीले ठूलो मानवीय क्षति



काठमाडौं/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बुधबार बिहान पोखराका लागि उडेको सौर्य एयरलाइन्सको जहाज धावनमार्ग छाड्नासाथ भयानक दुर्घटनामा पर्‍यो । क्याप्टेन मनिष शाक्यबाहेक सबै १८ जनाको मृत्यु भयो । शाक्यलाई जीवितै उद्धार गरी अस्पताल लगियो ।

त्रिभुवन विमानस्थल धावनमार्गको 'जिरोटु' (कोटेश्वर पट्टि) बाट 'टुजिरो' (बौद्धपट्टि) कुदेर उडेको २० देखि २२ सेकेन्डमै जहाज धावनमार्गको दायाँ क्षेत्रमा खस्यो र लगत्तै आगलागी भएर लगभग ध्वस्त हुन पुग्यो ।

तथ्य के हो भने सौर्यको यो जहाजले न नियमति उडान तालिका अनुसार यात्रु बाकेको थियो, न त्यो यात्रु बोक्ने चार्टर उडान नै थियो ।

अब यहाँनेर यक्ष प्रश्न के उठ्छ भने, यदि नियमित वा चार्टर दुवै उडान थिएन भने त्यस्तो जहाजमा चालक दल (पाइलट र कोपाइलट) तथा प्राविधिक बाहेक त्यति धेरै व्यक्ति किन चढेका थिए ?

जहाज धनी सौर्य एयर लाइन्सले भनिसकेको छ- 'यो जहाज 'कम्प्लिट चेक' (सी-चेक) अर्थात् पूर्णमर्मत गर्न पोखरा जाँदै थियो ।'

अझै प्रश्न उठ्छ- 'अनि, सी-चेकमा जान लागेको जहाजमा प्राविधिक बाहेक असम्बन्धित व्यक्ति किन चढे त ?'

उड्डयन नियम अनुसार मर्मत गर्न जाने जहाजमा प्राविधिक व्यक्तिबाहेक अरू कोही पनि सवार हुन पाउँदैन ।

खासमा सौर्य एयर लाइन्सले असम्बन्धित व्यक्ति जहाजमा राखेर सुरुमै गल्ती गरिदियो । तर, उड्डयन नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले पनि सौर्यको गल्तीलाई नदेखे झैं गरिदिँदा यति ठूलो मानवीय क्षति हुन पुगेको हो ।

उड्डयन विज्ञहरूका अनुसार मर्मत गर्न लगिने जहाजमा को-को जाँदैछन् भनेर नियामकले एकपल्ट 'चेक' चाहिँ गर्नुपर्थ्यो । तर, नियामकले ध्यान नदिँदा भयानक दुर्घटना हुन पुग्यो । ध्यान दिएको भए पनि दुर्घटना टर्थेन, तर यति ठूलो मानवीय क्षति हुने थिएन ।

'सौर्य एयरलाइन्सको यो जहाजलाई हामीले सी-चेकमा जान 'फेरी फ्लाइट' गर्ने अनुमति दिएका थियौं,' मुलुकको उड्डयन क्षेत्रको नियामक निकाय प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले संचारकर्मीसँग भने, 'यस्तो उडानमा चालकदल र इन्जिनियर वा प्राविधिक कर्मचारी बाहेक अरू यात्रु लानै पाइँदैन ।'

भुलका अनुसार मर्मतमा लगिने जहाजलाई मर्मत गर्ने ठाउँसम्म उडाएर लैजानुलाई 'फेरी फ्लाइट' भनिन्छ । यस्तो उडानमा जहाज उडाउने क्याप्टेन र कोपाइलट (चालकदल) तथा आवश्यक प्राविधिक कर्मचारी (इन्जिनियर) दुई-तीन जनाबाहेक अरू यात्रु राख्नै पाइँदैन ।

प्राधिकरणका अनुसार दर्ता नम्बर '९एन-एएमई' भएको सौर्यको यो जहाजमा कुनै प्राविधिक समस्या थिएन । यो जहाजको उडानयोग्य (एयरवर्दिनेस) अवधि सन् २०२५ सम्म थियो र उडान गर्ने समय १ सय १९ घण्टा बाँकी थियो ।

त्यसमाथि सौर्य एयर लाइन्स आफ्नो जहाज आफैं मर्मत गर्ने 'एमआरओ' अनुमति प्राप्त कम्पनी हो । एमआरओ भनेको 'मेन्टिनेन्स रिपेयर ओभरहौल' हो ।

कुनै पनि जहाज ५ हजार घण्टा उडेपछि सी-चेक गर्नुपर्छ । त्यसका लागि उडाएर सम्बन्धित ठाउँ लानुपर्छ । त्यस्तो उडानमा टिकट काटेर वा नकाटी असम्बन्धित व्यक्ति चढाउन पाइँदैन ।

'अब फेरी फ्लाइटमा नियम अनुसार तोकिएको व्यक्तिबाहेक को-को जान्छन् भनेर हामीले सोध्दैनौं,' प्राधिकरणका सूचना अधिकारी भुल भन्छन्, 'किनभने, नियममै नभएको कुरा सोध्ने भन्ने हुँदैन । यो उडानमा पनि को-को जान आवश्यक थियो वा थिएन भन्ने अब छानबिन आयोगले अनुसन्धान गर्ला ।' प्राधिकरणका पूर्वमहानिर्देशक तथा पर्यटन मन्त्रालयका पूर्वसचिव यज्ञप्रसाद गौतम मर्मतमा जाने जहाजको फेरी फ्लाइटमा वरिष्ठ चालकदल र प्राविधिकमात्र जाने नियम रहेको बताउँछन् ।

'सौर्यको यो जहाज दुर्घटनामा धेरै पक्ष जोडिएका छन् । चालकदल र प्राविधिक टिमबाहेक असम्बन्धित व्यक्तिलाई पनि साथमा उडाउनु भनेको गम्भीर लापरबाही हो,' गौतमले भने, 'प्राधिकरणले कसरी अनुमति दियो ? सौर्यले कसरी असम्बन्धित व्यक्तिलाई चढायो ? यस्ता सबै विषयमा छानबिन आयोगले पक्कै हेर्ला ।'

साढे दुई दशकदेखि जहाज उडाइरहेका एक वरिष्ठ क्याप्टेनका अनुसार यो जहाज दुर्घटनामा सौर्य एयरलाइन्स र प्राधिकरण दुवैबाट बराबरी गल्ती भएको छ । फेरी फ्लाइटमा क्याप्टेन र कोपाइलट (ककपिट क्रु) तथा बढीमा तीनदेखि चार जनासम्म उडान इन्जिनियर जाने नियम हुन्छ । यस्तो उडानमा एयरहोस्टेस वा स्टेवार्ड (क्याबिन क्रु) पनि जाने नियम हुँदैन ।

'फेरी फ्लाइटमा चालकदल र प्राविधिक टिमबाहेक बटालियन जाने भन्ने हुँदैन,' ती क्याप्टेनले आफ्नो नाम उल्लेख नगर्ने सर्तमा भने, 'यस्तो उडानमा असम्बन्धित र अझै बच्चा पनि लान दिएर सौर्यले गम्भीर लापरबाही गरेको छ । यस्तो उडान हुनुअघि एकपटक चेक पनि नगर्ने प्राधिकरणको गल्ती झन् उस्तै छ । छानबिन आयोगले दुवैमाथि अनुसन्धान गर्नुपर्छ ।'

सौर्यको यो जहाज बुधबार बिहान पोखरा जाने र मर्मतका लागि एक महिना उतै बस्ने तालिका थियो । 'सौर्यका कर्मचारीहरूलाई पनि जहाज खालि जाने हो, जाउँ न त यसो पोखरा घुमेर पनि आइन्छ भनेर गएको जस्तो देखियो,' ती क्याप्टेनले भने, 'तर, मर्मतमा जान लागेको जहाजमा असम्बन्धित व्यक्तिलाई चढाएर सौर्य एयरलाइन्सले गम्भीर लापरबाही गरेको प्रष्ट देखिन्छ ।'

विगतमा आफूले धेरै पटक यस्तो फेरी फ्लाइट गर्दा चालकदल र इन्जिनियर दुई-तीन जनाबाहेक असम्बन्धित व्यक्तिलाई नलगेको ती क्याप्टेनले बताए । यो उड्डयन नियमको ठाडो उल्लंघन भएको उनको भनाइ छ ।

'मर्मत गर्न जान लागेको जहाजमा १९ जहाज जाने भन्ने असम्भव विषय हो,' उनले भने, 'यो कसरी सम्भव भयो भन्ने सौर्य एयरलाइन्स र नियामक उड्डयन प्राधिकरणलाई थाहा होला ।'

उड्डयन प्राधिकरणका अर्का एक पूर्वमहानिर्देशकले पनि मर्मतको उद्देश्यले लगिएको जहाजमा त्यति धेरै मान्छे लानु लापरबाहीको पराकाष्ठा भएको बताए ।

'सम्बन्धित वायुसेवा र नियामक दुवैको लापरबाहीले यति ठूलो मानवीय क्षति हुन पुगेको छ,' उनले भने, 'यस्ता घटना दोहोरिन नदिन नियामक र सेवा प्रदायक अत्यन्तै सचेत र संवेदनशील हुनैपर्छ ।'

(स्रोत: अनलाइनखबर)

# नवनियुक्त मुख्यमन्त्री लामाले भने, 'सुशासनको प्रत्याभूति दिलाउँछौं'

साझाकुरा संवाददाता



हेटौंडा, ९ साउन/ बागमती प्रदेशका नवनियुक्त मुख्यमन्त्री बहादुरसिंह लामाले जनतालाई सुशासनको प्रत्याभूति दिलाउने गरी सरकारको कामकाज अघि बढाउने बताएका छन् ।

मुख्यमन्त्री लामाले नागरिकको अपेक्षा अनुसारको विकास र सेवाप्रवाहमा प्रदेश सरकार संवेदनशील भएर अघि बढ्ने बताए । बुधवार पदभारग्रहणपछि सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै मुख्यमन्त्री लामाले जनताको आवश्यकता अनुसारको योजनामा काम गर्ने बताए । सुशासन र वित्तीय अनुशासन कायम गरी गरिब निमुखाका लागि प्रदेश सरकारले शिक्षा, स्वास्थ्य, खानेपानीलगायत क्षेत्रमा प्राथमिकता दिएर काम गर्ने उनको भनाई छ ।

प्रदेश सरकारले उत्पादनमूलक क्षेत्रमा लगानी गरी नागरिकको आयआर्जन वृद्धिमा जोड दिने मुख्यमन्त्री लामाले बताए । मुख्यमन्त्री लामाका अनुसार संविधानको व्यवस्था अनुसारको अधिकार कार्यान्वयनमा प्रदेश सरकार गम्भीरताका साथ अघि बढ्नेछ । प्रदेशको एकल अधिकारलाई सुनिश्चित गर्ने सरकारको प्राथमिकतामा रहेको उनले बताए ।

संघ, प्रदेश र स्थानीय तहको कानुनलाई समन्वयकारी बनाएर आर्थिक समृद्धिमा अगाडि बढ्ने मुख्यमन्त्री लामाको भनाई छ । तीनवटै तहका सरकारले देख्ने कामको सुनिश्चित गर्ने गरी वर्तमान गठबन्धनको सरकारले काम गर्ने मुख्यमन्त्री लामाले बताए । राजनीतिक स्थायित्वका लागि वर्तमान गठबन्धन सरकारले उपलब्धिमूलक काम गर्ने उनको दाबी छ ।

# 'नम्बरी सुन'को ट्रेलर रिलिज, गौरव र नम्रताको प्रेममा जात तगारो




काठमाडौं/यही साउन २५ गतेदेखि प्रदर्शनमा आउन लागेको फिल्म 'नम्बरी सुन'को ट्रेलर सार्वजनिक गरिएको छ । बुधबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक लगभग तीन मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । दशकौंअघि गाउँ-गाउँमा पुगेर सुन बनाउने सुनार जातिको कथासँगै प्रेममा जातीय र वर्गीय विभेदले निम्त्याएको घटनालाई ट्रेलरमा देखाइएको छ ।

अभिनेता गौरव पहारी र अभिनेत्री नम्रता सापकोटाबीच बाल्यकालदेखि प्रेम बसेको छ । तर, गौरव सुन बनाउने सुनारका छोरा हुन् । आर्थिक हैसियत पनि राम्रो छैन । नम्रता भने सम्भ्रान्त र कथित माथिल्लो जातकी हुन् । बाल्यकालमा छुटिएका उनीहरु जब ठूलो भएपछि भेटिन्छन्, त्यसपछि उत्पन्न परिस्थितिमा ट्रेलर केन्द्रित छ । अभिनेता सरोज खनाल मुखियाको भूमिकामा देखिएका छन् ।

राजु गिरीको निर्देशनमा तयार भएको फिल्ममा गौरव, नम्रता र सरोजसहित राजाराम पौडेल, राजेन्द्र खड्गी, सविन बाँस्तोला, बुद्धि तामाङ, विनोद न्यौपाने, नारायण खाती, किरण नेपाली, गीता अधिकारी, अस्मिता न्यौपाने, राजेन्द्र गिरी, कंगना गिरी आदिको पनि अभिनय छ । कलाकार नारायण खाती स्वयं प्रस्तुतकर्ता रहेको फिल्मको निर्माता सरोज खाती, सविन खाती र मनोज रिजाल हुन् ।

यसमा शिवम् अधिकारीको पटकथा तथा संवाद, अर्जुन पोखरेल र सन्तोष श्रेष्ठको संगीत, रामजी लामिछानेको नृत्य निर्देशन, समीर मियाँको भीएफएक्स, दिव्य सुवेदीको छायांकन, देव महर्जनको द्वन्द्व तथा गौतमराज खड्काको सम्पादन छ । निर्माण पक्षले खल्ती एपबाट फिल्मको टिकट काट्ने ५ जना र त्यसभन्दा बाहिरका ७ जना दर्शकलाई 'सुन उपहार' दिने घोषणा समेत गरिसकेको छ ।

# जहाज दुर्घटनाको शोकमा डुब्यो शिक्षण अस्पताल




काठमाडौं/सौर्य एयरलाइन्सको विमान दुर्घटनाका १८ मृतकको शवलाई महाराजगञ्ज स्थित त्रिवि शिक्षण अस्पतालमा पोष्टमार्टमका लागि राखिएको छ ।

फरेन्सिक विभागमा शव लगिएपछि मृतकका आफन्तहरु त्यहाँ पुगेका छन् । १८ मृतकका परिवार र आफन्तको अस्पताल परिसरमा रुवाबासी छ ।

विमान दुर्घटनापछि अस्पताल परिसरमा पुगेका मृतकका आफन्त फरेन्सिक विभाग अगाडि भावविह्वल अवस्थामा छन् । उनीहरुमध्ये केही त्यहीं बेहोस भएर ढलेका थिए ।

ज्यान गुमाएकामध्ये इञ्जिनियर उद्धव पुरीका एक जना आफन्तले प्राविधिक जाँच सम्बन्धी उडानमा पनि १८ जना (पाइलट र को-पाइलटबाहेक) कर्मचारी र यात्रु राखिएको भन्दै आपत्ति जनाए ।

'प्राविधिक जाँचका लागि गरिएको उडानमा किन त्यति धेरै मान्छे राखियो', ती आफन्तले प्रश्न गरे, 'यसमा एयरलाइन्सको पनि लापबाही देखिन्छ ।'

विमान दुर्घटना हुँदा ज्यान गुमाउनेमा एकै परिवारका तीन सदस्य पनि छन् । सौर्य एयरलाइन्सका प्राविधिक मनुराज शर्मा, उनकी श्रीमती प्रिजा खतिवडा र ४ वर्षीय छोरा अधिराज शर्माको मृत्यु भएको छ ।

इञ्जिन परीक्षणका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा जाने क्रममा जहाज दुर्घटना भएको थियो । यस्तोमा प्राविधिक मात्र लानुपर्नेमा किन अरु पनि विमानमा लगिए भन्ने आफन्तहरुले प्रश्न गरेका छन् ।

ज्यान गुमाउनेमा सौर्य एयरलाइन्सको व्यवस्थापनका पाँच कर्मचारीको पनि मृत्यु भएको छ । सेफ्टी प्रमुख सागर आचार्य, सीएएमओ म्यानेजर अश्विनकुमार निरौला, मर्मत म्यानेजर यज्ञप्रसाद पौडेल र क्यूए प्रमुख दिलीप बर्माले ज्यान गुमाएका हुन् ।

विमानका क्याप्टेन मनिष शाक्यलाई भने उद्दार गरेर अस्पताल ल्याइएको छ । सिनामंगलस्थित केएमसी अस्पतालमा उनको उपचार भइरहेको छ । उनले सामान्य कुराकानी गरिरहेका छन् ।

उनका आफन्तहरुले भने शाक्यलाई भेट्न बाँकी रहेको भन्दै आफैंले भेटेपछि मात्र अवस्थाबारे बताउन सक्ने जनाए । अस्पतालका एक जना कर्मचारीका अनुसार, टाउको र खुट्टामा चोट लागेका उनको आकस्मिक कक्षमा राखेर उपचार भइरहेको छ । 'उहाँ खतरामुक्त हुनुहुन्छ', उनले भने ।

शाक्यलाई नेपाली सेना र नेपाल प्रहरीको टोलीले उद्दार गरेर अस्पताल लगेको थियो । घटनामा ज्यान गुमाउनेहरुको बुधबारबाटै पोष्टमार्टम जाँच सुरु भएको छ । शिक्षण अस्पतालका फरेन्सिक विभागका प्रमुख डा. गोपाल चौधरीका अनुसार, शव कसको हो भन्ने चिनिने अवस्था नभएकाले जाँच गर्न लागिएको हो ।

'मृतकका आफन्तले दिएको हुलिया, फिंगर प्रिन्ट लगायतका आधारमा पोष्टमार्टम गरेर शवलाई परिवारको जिम्मा लगाउँछौं', उनले भने, 'सबैको पोस्टमार्टम गरेर तीन दिनपछि मात्र शवलाई आफन्तको जिम्मा लगाइनेछ ।'

विमानस्थलबाट पोखराका लागि उडेको केहीबेरमै बुधबार बिहान ११:११ बजे सौर्य एयर लाइनसको सीआरजे ७ जहाज दुर्घटना परेको थियो ।

सामाजिक सञ्जालमा सार्वजनिक भिडियोमा देखिएअनुसार उडेको केहीबेरमै जहाज दाहिनेतिर मोडिएको थियो । त्यसपछि दुर्घटना हुँदा जहाज सिम्रिक एयरको कन्टेनरमा समेत ठोक्किएको थियो ।

(स्रोत: अनलाइनखबर)

# जहाज 'सी-चेक' पूर्वको उडान कति जोखिमपूर्ण ?

काठमाडौं/बुधबार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडानका क्रममा दुर्घटनामा परेको सौर्य एयरलाइन्सको सीआरजे ७०० ९एन-एएमई जहाज 'कम्प्लिट चेक' (सी-चेक) का लागि पोखरा जाँदै थियो । बोलीचालीको भाषामा पूर्ण परीक्षण तथा मर्मत भनिने यस प्रकारको परीक्षणपूर्व भएको यो दुर्घटनापछि आम जनमानसमा जहाज उडानयोग्य थियो कि थिएन भन्ने जिज्ञासा उठेको छ ।

यसै जिज्ञासाबारे हामीले नेपाल नागरिक उड्डयन प्राधिकरणका एक प्राविधिकलाई सोधेका छौं । उनका अनुसार हरेक वायुयान निर्माता कम्पनीले आफ्ना वायुयान कुन मुलुकमा कुन अवस्थामा उडिरहेका छन्, त्यसको दुरुस्त विवरण राखी नियमित फलोअप समेत गरिरहेका हुन्छन् । वायुयानलाई दुरुस्त राख्न तोकिएको समयमा तोकिएको परीक्षण नियमित हुने गरे-नगरेको बारे अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ) ले हरेक मुलुकका नियामक निकायलाई सचेत गराइरहेका हुन्छ । नियामक निकायले यसको पनि विवरण राखी त्यस्तो परीक्षण सुनिश्चित गरिरहेको हुन्छ । सोहीकारण जहाज बरू 'ग्राउन्डेड' गराइन्छ, तर मर्मत र परीक्षण विना उडाउन पाइँदैन ।

सामान्यतया हरेक ५ हजार घण्टा उडानपछि वा एकदेखि डेढ वर्ष अवधिमा सी-चेक गरिन्छ । यो आम मानिसले बुझ्ने भाषामा भन्दा स्वस्थ मानिसले पनि निश्चित समयमा गर्ने 'होल बडी चेकअप' जस्तै हो । जहाज परीक्षणका विभिन्न चरणलाई ए, बी र सी भन्दै वर्गीकरण गरिएको हुन्छ । सोही वर्गीकरण अनुसार सी चरणको चेकअप नै सी-चेक हो । सी-चेक पूर्ण परीक्षण र मर्मत हो । जहाँ जहाजको बाहिरी भाग, इन्धन, तरल पदार्थहरूको स्तर, टायर, ब्रेक, जहाजका विभिन्न आन्तरिक प्रणाली, उडान नियन्त्रण, इन्जिन, ल्यान्डिङ गियर, जहाजको संरचनात्मक उपकरण र विद्युतीय प्रणाली समेतको परीक्षण र बिग्रिएको पाइएमा मर्मत गरिन्छ । सामान्यतया यस्तो परीक्षणका लागि एकदेखि चार सातासम्म लाग्छ ।

यतिसम्म कि जहाजमा नटबोल्टहरू खुकुलो भए नभएको सम्मको परीक्षण यस दौरान गरिन्छ । त्यसकारण जहाज सी-चेकमा जानुको मतलब जहाजमा अगाडि नै खराबी थियो भन्ने अर्थ भने लाग्दैन । अर्थात्, यो नियमित परीक्षणमा थियो भन्नुपर्ने उनी बताउँछन् । 'दुर्घटनाका कारण छानबिन आयोगको प्रतिवेदनबाटै खुल्छ, त्यो अगाडि कुनै पनि जहाज दुर्घटनाका कारणबारे आकलन गर्न मुस्किल पर्छ,' उनी भन्छन् ।

सौर्यले यो जहाजलाई काठमाडौंकै ह्यांगरमा राखेर पनि मर्मत गर्न सक्थ्यो । तर, काठमाडौंमा एउटै जहाज लामो समय ह्यांगरमा राखेर मर्मत गर्दा आकस्मिक मर्मत गर्नुपर्ने अन्य जहाजहरूको काम प्रभावित हुन्छ । सोही कारण सी-चेकका लागि जहाजहरू अन्य विमानस्थलका ह्यांगरमा पठाउने गरिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# 'ईश्वर' निर्माताको विश्वास : 'कन्टेन्ट राम्रो छ, लगानी उठ्छ'

काठमाडौं/यही शुक्रबार देखि सार्वजनिक प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'ईश्वर'बाट व्यापारी पृष्ठभूमिका हरिबहादुर थापा पहिलोपटक निर्माता बनेका छन् । फिल्ममा उनी कलाकारको रुपमा पनि छन् । उनले विद्यालयको प्रधानाध्यापकको भूमिका निभाएका छन् । उनलाई फिल्ममा काम गर्ने इच्छा पहिलेदेखि हो । अन्तत: आफ्नै लगानीमा बनेको फिल्मबाट त्यो इच्छा पूरा गरे ।

'मलाई 'ईश्वर'को कथाले तान्यो । यो फिल्म सामाजिक कथामा बनेको छ । यसमा अन्तरजातीय विवाह, देशमा भएको विसंगति एवं विकृति, राजनीतिका कुरा देखाइएको छ । जातीय विभेद गर्नु हुँदैन भन्ने सन्देश पनि फिल्मले दिएको छ,' उनले भने । आर्यन युवक र मंगोलियन युवतीबीचको प्रेमलाई फिल्ममा देखाइएको जानकारी दिँदै थापाले दर्शकले सामाजिक सन्देश पनि पाउने दावी गरे ।

पहिलोपटक फिल्म निर्माण गरेको भए पनि उनको अनुभवमा गाह्रो रहेन । 'फिल्म निर्माण गर्नु सोचे जस्तो त होइन । तर, 'ईश्वर'को हकमा मलाई गाह्रो भएन । निर्देशक, कलाकार तथा प्राविधिकको राम्रो सहयोग पाएँ । अहिले प्रमोसनमा पनि साथ पाइरहेको छु', थापा भन्छन् । उनलाई दर्शकले फिल्म हेर्दा 'कनेक्ट' गर्छन् भन्ने पूर्ण विश्वास छ । यो विश्वासको आधार उनी 'कन्टेन्ट'लाई मान्छन् ।

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

**3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY**

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**

- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

**कार्यक्रमहरू**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

**मकवानपुर टेक्निकल इन्स्टिच्युट**
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

# भण्डारी दम्पति घरभित्र मृत भेटिए, श्रीमतीको हत्या आशंका

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ हेटौंडा उपमहानगरपालिका-५, भैरव रोडको चिसापानीस्थित आफ्नै घरको कोठामा एक दम्पति मृत फेलापरेका छन् । श्रीमान् ६२ वर्षका केशव भण्डारी र श्रीमती ५६ वर्षीया अम्बिका भण्डारी घरको एउटा कोठामा आज बुधवार अपरान्ह मृत फेलापरेको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।



केशव पंखा झुण्डयाउने हुकमा नाइलनको डोरीको पासो लगाएको र अम्बिका भुईंमा रगताम्मे अवस्थामा फेला पारिएको घटनास्थलमा रहेका प्रहरी निरीक्षक प्रकाश साहले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय मकवानपरका प्रवक्ता साहका अनुसार अम्बिकाको घाँटीमा धारिलो हतियार प्रहार भएको पाइएको छ । पासो लगाएर झुण्डिएका केशवको कपडा र हातमा रगत लागेको प्रहरी निरीक्षक साहले जानकारी दिए । 'घटनाअनुसार प्रारम्भिक अनुसन्धानले श्रीमतीको हत्या भएको देखिन्छ । श्रीमानको भने आत्महत्या जस्तो छ ।,' साहले भने ।

घटनाको अनुसन्धान गर्न मकवानपुरका प्रहरीउपरीक्षक सीताराम रिजालको नेतृत्वमा अनुसन्धान टोली खटिएको छ । घटना गम्भीर र जटिल प्रकृतिको देखिएकाले एपसी रिजालकै कमाण्डमा अनुसन्धान टोली खटिएको प्रवक्ता साहले बताए । हेटौंडा अस्पतालबाट फरेन्सिक ल्यावका चिकित्सक ल्याएर अनुसन्धान भइरहेको उनले बताए ।

मृतक दम्पतीको एक छोरा, बुहारी र छोरी छन् । छोरा-बुहारी बाबुआमाको साथमा बस्दै आएको इन्स्पेक्टर साहले बताए । परिवारसँगको सोधपुछबाट मृतक केशवले विगत ३ महिनादेखि डिप्रेशनको औषधिसेवन गरिरहेको खुलेको उनले जानकारी दिए । अम्बिका भने सामान्य बिरामी भएपनि नियमित औषधिसेवन नगरेको उनको भनाई छ । 'घटना कसरी घट्न पुग्यो ? हत्या वा आत्महत्या ? भन्ने विषयमा पूर्णअनुसन्धान नभई भन्न सकिने अवस्था छैन ।,' उनले भने ।

# बागमती सरकारद्वारा विमान दुर्घटनाप्रति दु:ख व्यक्त

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ बागमती प्रदेश सरकारले काठमाडौं स्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भित्र भएको सौर्य एअरलाइन्सको विमान दुर्घटनाप्रति दु:ख व्यक्त गरेको छ ।

प्रदेशको नवगठित मन्त्रिपरिषद्को आज बुधबार बसेको पहिलो बैठकले दुर्घटनामा परेर मृत्यु भएकाप्रति दु:ख व्यक्त गर्दै शोक प्रस्ताव पारित गरेको कृषि तथा पशुपंक्षी मन्त्री प्रकाश श्रेष्ठले जानकारी दिए ।

बैठकले दुर्घटनामा परेर मृत्यु भएका पीडित परिवारप्रति गहिरो समवेदनमा प्रकट गरेको मन्त्री श्रेष्ठले बताए । बुधबार बिहान ११ बजेर ११ मिनेट जाँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट पोखराका लागि उडेको सौर्य एयर लाइन्सको जहाज दुर्घटना हुँदा १८ जनाको मृत्यु भएको थियो ।

१९ जना सवार जहाजमा एकजना भने घाइते छन् । घाइते हुनेमा पाइलट मनिष शाक्य रहेका छन् । उनको सिनामंगलस्थित केएमसी शिक्षण अस्पतालमा उपचार भइरहेको छ । यसैगरी, बैठकले केही हप्ताअघि चितवनको सिमलतालमा पहिरोमा परेर त्रिशुली नदीमा पुरिएर मृत्यु भएकाहरुप्रति पनि श्रद्धाञ्जली व्यक्त गर्दै पीडित परिवारप्रति गहिरो समवेदनमा प्रकट गरेको मन्त्री श्रेष्ठले बताए ।

पहिरोमा पुरिएर दुईवटा बस र बसमा सवार यात्रुहरु बेपत्ता भएका थिए । उनका अनुसार, ती घटनामा उद्दार कार्यमा सशस्त्र प्रहरी, नेपाल प्रहरी, नेपाली सेना र भारतबाट आएका उद्दारटोलीलाई पनि धन्यवाद व्यक्त गरेको छ । बैठक मुख्यमन्त्री बहादुरसिं लामाको अध्यक्षतामा बसेको हो ।

# दोस्रो दिनको आँखा शिविरमा ७६ जनाको परीक्षण

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/टोल विकास संस्था नगरसमन्वय समिति, हेटौंडा उपमहानगरपालिका र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजना भएको निशुल्क आँखा परीक्षण सिविरको दोस्रोदिन ७६ जनाको आँखापरीक्षण गरिएको छ ।

मंगलबारदेखि हेटौंडा उपमहानगरको सहकार्यमा सुरु भएको आँखापरीक्षण सिविरमा बुधबार ७६ जनाको आँखा परीक्षण गरिएको टोल विकास संस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुवप्रसाद अधिकारीले बताए । बुधबार हेटौंडा-१९ स्थित नेवारपानी सहरी स्वास्थ्य केन्द्रमा सिविरको आयोजना गरिएको थियो ।

५० वर्ष भन्दा माथि उमेर समूह र मधुमेहका बिरामी लक्षित सिविरमा बुधबार गरिएको परीक्षणमा १७ जना बिरामीको आँखामा समस्या देखिएको अध्यक्ष अधिकारीले बताए । अध्यक्ष अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यतामा भएको आँखापरीक्षण सिविरमा हेटौंडा उपमहानगरपालिका वडा नम्बर १९ का सदस्य रमा गोले, हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख डा. सुनिल थकाली, प्राविधिक मीनबहादुर रोकाया, टोल विकास वडा समन्वय समिति हेटौंडा-१९ का अध्यक्ष देवेन्द्र अर्याललगायतको आतिथ्यता रहेको थियो ।

साथै ५० वर्ष भन्दा माथि उमेर समूहका व्यक्तिहरुमा आँखासम्बन्धी समस्या धेरै आउने तर, अधिकांश व्यक्तिहरु परीक्षण गर्न नजाने कारणले यो कार्यक्रम निकै प्रभावकारी हुने र कार्यक्रम नगरका सबै वडामा सञ्चालन गरिने आयोजकले जनाएको छ ।

# देशभरका एम्बुलेन्समा एकरुपता ल्याइने

साझाकुरा संवाददाता

हेटौंडा, ९ साउन/ सरकारले देशभरका एम्बुलेन्सको रङ, साइरन र अन्य संकेतमा एकरुपता ल्याउन निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति र जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिलाई परिपत्र गर्दै त्यस्तो निर्देशन दिएको हो ।

मन्त्रालयका शाखाअधिकृत बद्रीराज ढकालले राष्ट्रिय एम्बुलेन्स निर्देशिका-२०७८ को दफा १५ ले निर्देशित गरेको मापदण्डअनुसार एकरुपता नभएको भन्ने जनगुनासो आइरहेकाले प्रादेशिक र जिल्लास्तरमा रहेका एम्बुलेन्स व्यवस्थापन समितिलाई मापदण्डको पालना गर्न निर्देशन दिएको जानकारी दिएका छन् । मन्त्रालयले मापदण्ड पूरा गरेको अवस्थामा मात्र एम्बुलेन्स सञ्चालन अनुमति नवीकरण गर्न निर्देशन दिएको छ ।


हाम्रो सुमो सेवाको नयाँ प्रस्तुति...





Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा



२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरब जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा | हेटौंडा–वीरगञ्ज–हेटौंडा

*सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्*

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालकः भेष खड्गी

**हाम्रो सुमो सेवा**

हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३



सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पर्‍यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको **TATA SUMO** बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

**Singhababini Moto Corp Pvt. Ltd.**

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



*"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"*
*"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"*

## श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय

हेटौंडा-४, मकवानपुर

**भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !**

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

**अध्यापन हुने विषयहरू**

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

**हाम्रो विशेषताहरू:**

- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाईं प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६



साझाकुरा खोजी खोजी पढौं ।



**राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाऔं**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं,
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुर्याऔं,
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं,
- मितव्ययी बनौं, फजुल खर्च नगरौं,
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं,
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना